कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# प्रदेश वन निर्देशनालय

## वीरेन्द्रनगर, सुर्खेत।

## अग्नि नियन्त्रक भर्ना सम्बन्धि सूचना

**मिति: २०७९/११/१२**

प्रदेश वन निर्देशनालय को आ.व. २०७९/०८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार "**वन डढेलो नियन्त्रण दस्ता**" निर्माणको लागि अग्नि नियन्त्रक भर्ना गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट स्वयम उपस्थित भई दरखास्त आह्वान गरिन्छ।

१ **पद** :- अग्नि नियन्त्रक (Fire Fighter)

२. **माग पद संख्या** :- ११२ (एक सय बाह ) जना।

| **सि.नं.** | **जिल्ला** | **माग पद संख्या** | **सि.नं** | **जिल्ला** | **माग पद संख्या** |
|---|---|---|---|---|---|
| १. | सुर्खेत | २४ | ६. | जुम्ला | १२ |
| २. | सल्यान | १६ | ७. | कालिकोट | ७ |
| ३. | दैलेख | १२ | ८. | हुम्ला | ७ |
| ४. | जाजरकोट | १२ | ९. | मुगु | ७ |
| ५. | रुकुम पश्चिम | ८ | १०. | डोल्पा | ७ |

३. **दरखास्त दिने मिति** :- २०७९ / ११ / १२ गते देखि २०७९ / ११ / २६ गतेसम्म , समय : बिहान १०:०० बजेदेखि कार्यालय समय सम्म।

४. **दरखास्त फारम पाइने र बुझाउने स्थानहरूः**- प्रदेश वन निर्देशनालय, सुर्खेत र कर्णाली प्रदेश अन्तरगतका डिभिजन वन र्यालयहरु (सबै)

५. **आवश्यक न्यूनतम योग्यता**:-

**उमेर हद :** दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

**आवश्यक न्यूनतम योग्यता**

- प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९ मा कर्णाली प्रदेश भित्रका जिल्लाहरुमा म्यादी प्रहरी को रुपमा भर्ना भई काम गरेको।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
- राजनैतकि दलको सदस्य नरहेको,
- शारीरिक तथा मानसिक रुपले स्वस्थ रहेको,
- आतंककारी संगठनको सदस्य नरहेको,
- गर्भवती नभएको/नरहेको ।

६. **छनौट प्रक्रिया**

- अग्नि नियन्त्रक छनोट गर्दा प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९ को लागि कर्णाली प्रदेश भित्रका जिल्लाहरुमा म्यादि प्रहरी भर्ना प्रक्रियामा उत्तीर्ण भएका म्यादी प्रहरीहरुको प्रदेश प्रहरी कार्यालय सुर्खेतबाट प्राप्त जिल्लागत योग्यताक्रमसहितको बिवरण को योग्यताक्रम अनुसार छनोट गरिनेछ।
- आवेदक जुन जिल्लाको लागि म्यादि प्रहरीमा भर्ना भएको हो सोही जिल्लाको लागि मात्र उम्मेदवार हुन पाउनेछ।
- अन्तिम नतीजा प्रकाशन मिती: २०७९/११/२८ गते।

- सम्पर्कमा आउने अन्तिम मिति : २०७९/११/३० गते।
- सम्पर्कमा आउने स्थान : प्रदेश वन निर्देशनालय सुर्खेत।
- प्रशिक्षण सुरु हुने मिति: २०७९/१२/१

७. **अग्नि नियन्त्रकको कार्यअवधि**

- अग्नि नियन्त्रकको कार्यअवधि ९० दिनको हुनेछ।

८. **पारिश्रमिक तथा सेवा सुविधा:**

- प्रति महिना रु २४७००।- ( चौबीस हजार सात सय रुपैया मात्र ) गरी ३ महिनाको रु.७४१००।- मात्र।
- कार्य अवधि सम्मको दुर्घटना बीमा।

९. **गर्नुपर्ने मुख्य मुख्य कार्यहरु :**

- बन डढेलो निभाउने र डढेलो नियन्त्रण सम्बन्धि कामहरु।
- डिभिजन वन कार्यालय र सव डिभिजन वन कार्यालयले गराएका कामहरु।

बिस्तृत जानकारीको लागि प्रदेश वन निर्देशनालयको फोन नं. ०८३-५२४१७८, तथा वेबसाईट : pfd.karnali.gov.np मा र डिभिजन वन कार्यालयहरुमा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रदेश वन निर्देशक